आज मिति २०८१ साल चैत्र २३ गते तदनुसार ( April 5, 2025) शनिवार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु वहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम वहादुर वलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री पूर्ण वहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री वाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री भोग वहादुर राई | अधिकृत आठौं / सचिव | |
| कार्यवाहक : | | |
| श्री गायत्री प्रसाद दाहाल | ६नं.वडा कार्यवाहक अध्यक्ष | |
| श्री मोहन कुमार तामाङ | ४नं.वडा कार्यवाहक अध्यक्ष | |
| श्री दिपकराज पोखरेल | ५नं.वडा कार्यवाहक अध्यक्ष | |

CamScanner

२०८१ चैत २३ गते तदनुसार अप्रिल ५,२०२५ शनिबारको बैठकमा पेश भएका कार्यसूचीहरुः-

१. आर्थिक प्रशासन शाखा हेर्ने कर्मचारी माग सम्बन्धमा

२. व्याकुल माइलाको सालिक निर्माण सम्बन्धमा

बैठकका निर्णयहरुः

निर्णय नं. १: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८२१, मिति २०८१-१२-१९ को पत्रानुसार प्रमुख प्रशासकीय अधिकृत नखटाइन्जेलसम्म वा अर्को व्यवस्था नभएसम्मका लागि यस कार्यालयमा कार्यरत वरिष्ठतम कर्मचारी नेपाल प्रशासन सेवा, लेखा समूह, अधिकृत आठौं तहका कर्मचारी श्री भोग बहादुर राईलाई यस कार्यालयको आर्थिक तथा प्रशासनिक कार्य गर्ने गरी जिम्मेवारी दिइएकाले आर्थिक प्रशासन शाखा हेर्ने कर्मचारी रिक्त हुन गई आर्थिक प्रशासन सम्बन्धी कार्य सञ्चालन गर्न नसकिने भएकाले कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुङ्गालाई आर्थिक प्रशासन हेर्ने कर्मचारीको व्यवस्था गरिदिनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २: यस गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार लेखटार पार्क निर्माण कियाकलापमा विनियोजित बजेट रु. १०,००,०००(अक्षेरुपी रु. दश लाख मात्र) बाट राष्ट्रिय गानका सर्जक व्याकुल माइला (प्रदिप कुमार राई) को धातुबाट निर्मित अर्धकदको सालिक बनाउन दरभाउ पत्रमार्फत काम अगाडि बढाउने निर्णय गरियो ।